# गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रीय कार्यसमितिको

# निर्वाचन नियमावली २०२३

## १. परिभाषा

(क) "नियमावली" भन्नाले यस निर्वाचन नियमावलीलाई जनाउनेछ।

(ख) "विधान" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको विधान २०२१ को संशोधन सहितको विधान २०२३ लाई जनाउनेछ।

(ग) "कार्यसमिति" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रीय कार्यसमितिलाई जनाउनेछ।

(घ) "सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रीय कार्यसमितिलाई जनाउनेछ।

(ङ) (ड) निर्वाचन समिति भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको विधान अनुरूप क्युस्यु क्षेत्रीय कार्यसमितिको निर्वाचन सम्पन्न गर्न गराउन बनेको निर्वाचन समितिलाई जनाउनेछ।

(च) "मतदाता' भन्नाले निर्वाचनमा मतदान गर्न पाउने अधिकार प्राप्त, रासपा जापान कार्यसमितिद्वारा निर्वाचन समितिलाई उपलब्ध गराइएको अन्तिम मतदाता सूचिमा नाम भएका राष्ट्रिय समन्वय परिषद जापान (जापान क्युस्यु क्षेत्रीय कार्यसमिति) सदस्यहरुलाई जनाउनेछ।

(छ) "उमेदवार भन्नाले आहवान गरिएका पदहरु मध्ये कुनै एक पदका लागि रितपूर्व उमेदवारी निर्वाचन समितिद्वारा उमेदवारी स्वीकृत भइ अन्तिम उमेदवार सूचीमा नाम प्रकाशित व्यक्तिहरुलाई जनाउनेछ।

## २. नियमावली निर्माण

(क) यो नियमावली गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान जापान क्युस्यु क्षेत्रीय कार्यसमितिको आठौ धिबेशनको निर्वाचन प्रक्रियालाई निश्पक्ष र विवादरहित वातावरणमा सम्पन्न गर्ने गराउने उद्देश्यकासाथ, सन् २०२३ जुन ७ का दिनमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रीय कार्यसमितिको कार्यसमितिद्वारा गठित निर्वाचन समितिले संशोधित विधान २०२३ को परिच्छेद ८, बुँदा नं. ३ ले निर्वाचन समितिलाई प्रत्यायोजन गरेको अधिकारलाई प्रयोग गरि तयार पारेको छ।

(ख) यो नियमावली गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको विधान २०२१ को संशोधन सहितको विधान २०२३ को परिच्छेद ८, बुँदा नं. २ अनुसार तयार पारिएको छ।

(ग) यो नियमावलीमा नसमेटिएका र निर्वाचन सम्बन्धि कुनै विषयमा विवाद श्रृजना भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ।

## ३. निर्वाचन समिति

निर्वाचन प्रक्रिया सम्पन्न गर्न गराउनका लागि रासपा जापान क्युस्यु क्षेत्रीय कार्यसमितिद्वारा गठित निर्वाचन समिति र यसका सदस्यहरु निम्नानुसार रहेका छन्।

(क) आयुक्तः किरण बर्मा

(ख) सदस्य: सुपेन्द्र घिसीङ

(ग) सदस्य : मोहन सिंह मडै

## ४. निर्वाचन प्रक्रिया

(क) निर्वाचन नियमावली तथा कार्यतालिका निर्माण अघि गठित निर्वाचन समितिले विधानको विस्तृत अध्ययन गर्नेछ।

(ख) निर्वाचन समितिले यस नियमावली अगावै विस्तृत निर्वाचन कार्यतालिका प्रकाशित गर्नेछ। उक्त कार्यतालिकामा उमेदवारीको दरखास्तको अन्तिम मिति, दावि, बिरोध, उमेद्वारी फिर्ता. निर्वाचनको मिति र समय उल्लेख हुनेछ।

(ग) निर्वाचन प्रयोगका लागि मतदाता नामावली निर्वाचन समितिको आग्रहमा कार्यसमितिले तोकिएको म्यादभित्रै उपलब्ध गराउने छ।

(घ) मतदाता तथा उमेदवार नामावलीमा आउने दावि विरोधलाई कार्यसमिति र निर्वाचन समितिको संयोजनमा सुल्झाइने छ।

(ङ) निर्वाचन कार्यतालिका, निर्वाचन नियमावली, मतदाता नामावली, उमेदवारी दर्ता फाराम, उमेदवारी फिर्तापत्र, उमेदवार नामावली, आदि लगायत निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कागजातहरु निर्वाचन समितिको वेबसाइट ड्राइभमा राखि, सरोकारवाला सबैको जानकारीका लागि कुनैपनि समयमा हेर्न र डाउनलोड गर्न मिल्नेगरि खुल्ला गरिनेछ। यी कागजातहरुको लिङ्क निर्वाचन अवधिभरका लागि रासपा जापान क्युस्यु क्षेत्रीय कार्यसमितिको फेसबूक पेज तथा निर्वाचन अवधिभरका लागि निर्वाचन समितिको अस्थायी होमपेज मा राखिएको वा राखिने छ।

## ५. मतदाता नामावली

(क) निर्वाचन समितिले कार्यसमितिद्वारा उपलब्ध गराइएको मतदाता नामावली निर्वाचन कार्यतालिकामा उल्लेखित समयमा प्रकाशित गर्नेछ।

(ख) निर्वाचन समितिद्वारा प्रकाशित गरिने अन्तिम मतदाता नामावलीमा नाम भएका सम्पूर्ण सदस्यहरुलाई मतदानको अधिकार हुनेछ।

(ग) मतदाता नामावलीमा उल्लेखित नाम तथा मतदातासँग सम्बन्धित कुनैपनि कानूनी कुराहरूको आवश्यक प्रमाणिकरण तथा पुष्टिकरणका कामहरू निर्वाचन समितिको क्षेत्राधिकार बाहिर हुनेछ।

(घ) निर्वाचन समितिले प्राप्त गरेको मतदाता नामावलीमा कुनै किसिमको त्रुटीहरु भएमा (जस्तैः नाम, ईमेल ठेगाना र फोन नम्बरमा) वा भेटिएमा, समया भावका कारण निर्वाचन समितिले कुनै किसिमको थपघट, केरमेट, या सुधारको जिम्मेवारी लिनेछैन।

(ङ) गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानका सम्पूर्ण सदस्यहरुको जानकारीका लागि मतदाता नामावलीलाई निर्वाचनका दिनसम्म इन्टरनेटबाट डाउनलोड गर्नमिल्ने गरि राखिनेछ। मतदाता नामावली हेर्नका लागि निर्वाचन समितिको होम पेजमा रहनेछ।

## ६. उमेदवारी आहवान गरिएको पदहरु, संख्या र उम्मेद्वारी शुल्क

संशोधन सहितको विधान २०२१ को परिच्छेद ६ को बुँदा १.३ मा उल्लेखित राष्ट्रिय समन्वय परिषद जापानको क्षेत्रीय कार्यसमिति गठनको नियमानुसार निम्न पदहरुका लागि निर्वाचन हुनेहुँदा उमेदवारी दिन योग्य र उमेदवार बन्न आवश्यक शर्तहरु पुरा गरेका गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रका सम्पुर्ण सदस्यहरुलाई निर्वाचन कार्यतालिकामा उल्लेखित समयभित्र उमेदवारी दर्ता गर्न आह्वान गरिन्छ।

| पदहरु | संख्या | उम्मेद्वारी शुल्क | पदहरु | संख्या | उम्मेद्वारी शुल्क |
|---|---|---|---|---|---|
| संयोजक | 1 | 100,000 Yen | सह-कोषाध्यक्ष | 1 | 40,000 Yen |
| उपसंयोजक | 3 | 80,000 Yen | युवा संयोजक | 1 | 40,000 Yen |
| उपसंयोजक महिला | 1 | 80,000 Yen | सदस्य | 5 | 20,000 Yen |
| सचिव | 1 | 70,000 Yen | महिला सदस्य | 1 | 10,000 Yen |
| सह-सचिव | 2 | 60,000 Yen | | | |
| कोषाध्यक्ष | 1 | 50,000 Yen | | | |

शर्तहरु पुरा गरेका गैर आवासीय नेपाली संघ जापानका सम्पुर्ण सदस्यहरुलाई निर्वाचन कार्यतालिकामा उल्लेखित समय भित्र उमेदवारी दर्ता गर्न आह्वान गरिन्छ।

## ७. उमेदवारीका शर्त र योग्यताहरू

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको सदस्य भइ यस निर्वाचनका लागि निर्वाचन समितिले प्रकाशित गर्ने अन्तिम मतदाता नामावली मा नाम भएका सबै पंजिकृत सदस्यहरु उमेदवारी आह्वान गरिएका मध्ये कुनै एक पदका लागि उमेदवार हुन योग्य ठहर्नेछन्। तर, निम्न शर्तहरू लागू हुनेछन्।

(क) गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद जापानको बिधान अनुसार कुनै पनि पदमा उम्मेद्वारी दिन र निर्वाचनमा मतदान गर्न राष्ट्रिय समन्वय परिषद जापानले २०२३-२०२५ कार्यकालको लागि २०२३ जनवरी १६ देखी मे २१ सम्म सदस्यता आव्हान गरी संघको मापदण्ड बमोजिम MIS सिस्टमबाट सदस्य बनी राष्ट्रिय समन्वय परिषद जापानबाट प्रमाणित भएका सदस्यहरुले मात्र पाउने छन।

(ख) संयोजक पदमा उम्मेदवारी दिनको लागि राष्ट्रिय समन्वयन परिषद जापानको संसोधित बिधान २०२३ को परिच्छेद ८ को ५.४ अनुसार “क्षेत्रीय समितिको संयोजक पदमा उम्मेदवार बन्नका लागि रासपको पदाधिकारी वा सदस्यको पदमा रही एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ वा क्षेत्रको हकमा क्षेत्रीय समितिका पदाधिकारी रही कम्तिमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ।’’

(ग) पदाधिकारी पदमा उम्मेदवारी दिनको लागि राष्ट्रिय समन्वयन परिषद जापानको संसोधित बिधान २०२३ को परिच्छेद ८ को ५.४ अनुसार “क्षेत्रीय समितिको संयोजक पद बाहेक पदाधिकारी पदमा उम्मेदवार बन्नका लागि क्षेत्रको सदस्य तथा पदाधिकारी पदमा रही एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ।’’

(घ) सदस्य पदमा उम्मेदवारी दिनको लागि राष्ट्रिय समन्वयन परिषद जापानको संसोधित बिधान २०२३ को परिच्छेद ८ को ५.४ अनुसार “क्षेत्रीय समितिको सदस्य पदमा उम्मेदवार बन्नका लागि रासपको पंजीकृत सदस्य दुबै योग्य हुने छन।’’ राष्ट्रिय समन्वय परिषद जापानले २०२३-२०२५ कार्यकालको लागि २०२३ जनवरी १६ देखी मे २१ सम्म सदस्यता आव्हान गरी संघको मापदण्ड बमोजिम MIS सिस्टमबाट सदस्य बनी राष्ट्रिय समन्वय परिषद जापानबाट प्रमाणित भएका सदस्यहरुले पाउने छन। (उम्मेद्वारी दिने बेला सम्म सदस्यता प्रमाणित नभएको खण्डमा निर्वाचन कमिटीलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।)

(ङ) निर्वाचन समिति पदाधिकारीहरु यस निर्वाचनका कुनै पनि पदको उमेदवार हुन पाउनेछन

पुनश्चः विधान को परिच्छेद १ को बुँदा २ अनुसार "पदाधिकारी पद" भन्नाले रासप जापान क्युस्यु क्षेत्रीय समितिको सदस्य पद बाहेकका पदहरू भन्ने बुझ्नुपर्छ, र १ (एक) कार्यकाल भन्नाले पदमा नियुक्त र वा निर्वाचित भएर सोको शपथ खाएको मितिले न्युनतम ३६५ दिनको अवधिलाई जनाउँछ।

## ८. उमेदवारी दर्ता प्रक्रिया

(क) निर्वाचनमा उम्मेदवार हुनको लागि नियमानुसार राष्ट्रिय समन्वय परिषद जापान क्युस्यु क्षेत्रको पंजीकृत सदस्य हुने छ।

(ख) कुनै पनि पदमा उम्मेदवार दिन योग्यता पुगेका ईच्छुक उम्मेदवारले निर्वाचन कमिटीको होम पेज (https://nrnakyushuelection.com) बाट उम्मेदवार दर्ता फाराम डाउन लोड गरी फारम प्रिन्ट गरी आफ्नै हातले लेखी सहि छाप गरी त्यसको फोटो र तोकिएको दस्तुर निजको खाताबाट एनआरएन क्युस्युको जापान पोस्ट ब्यांक

खाता (カイガイザイジュウネパールジンキョウカイニホンシフ 17410-96523931)मा रकम जम्मा गरी भौचरको फोटो निर्वाचन कमिटीको ईमेल (submit@nrnakyushuelection.com ) मा पठाउनु पर्नेछ।

(ग) कुनै पनि पदमा उम्मेदवार दिन योग्यता पुगेका ईच्छुक उम्मेदवारले उम्मेदवार स्वयम, प्रस्तावक र समर्थकको एनआरएनए जापानको परिचय पत्र र परिचय खुल्ने डकुमेन्टहरु (रेसिडेन्ट कार्ड वा पासपोर्ट) अनिवार्य दाखिला गर्नु पर्ने छ।

(घ) मेदवारी दर्ता गर्दा, उमेदवारी फाराममा सम्पूर्ण विवरण लेखि, उमेदवारी दर्ता गर्न चाहने व्यक्ति आफैले समय सीमाभित्रै दर्ता गर्नुपर्नेछ।

(ङ) उमेदवार नामावाली तथा मतपत्रमा रहने उम्मेदवारको नामक्रम उमेदवारी दर्ता क्रम अनुसार राखिनेछ।

(च) निर्वाचन क्रममा उम्मेदवारले निर्वाचन सम्बन्धी गैर कानूनी कार्य गरेमा उमेदवारको प्रस्तावक र समर्थकले जिम्मेवारी लिनु पर्नेछ र उम्मेदवारको उमेदवारी स्वत खारेज हुनेछ। प्रस्तावक वा समर्थकले उचित कारण देखाई आफ्नो प्रताबक वा समर्थकले फिर्ता लिएमा उम्मेदवारको उमेदवारी स्वत खारेज हुनेछ।

(छ) मतदाताहरुको नामावली गैर आवासीय नेपाली संघ रासपले उपलब्ध गराए पछि निर्बाचन समितिले प्रकाशन गर्नेछ।

(ज) कुनै पनि पदको उम्मेदवार दिन योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले २०२३ जुन १ तारिख २४:०० बजेबाट २०२३ जुन १ तारिख २३:५९ बजे सम्म आफ्नो उम्मेद्वारी दर्ता गराउन पर्नेछ। निर्धारित तोकिएको समय भन्दा पछि प्रात भएको कुनै पनि उमेद्वारीको दर्ता मान्य हुने छैन। दर्ता गाराइएको उम्मेदवारहरु नामावली प्रकाशन २०२३ जुन २ तारिख २३:५९ बजे गरिनेछ।

(झ) मतदाता नामावली र उम्मेदवारको नामावाली माथि दाबी बिरोध भएमा २०२३ जुन ३ तारिख दिउसो ५:०० बजे सम्म उचित कारण र प्रमाण खुलाई लिखित रुपमा दाबि बिरोध पत्र निर्वाचन कमिटीको ईमेल (submit@nrnakyushuelection.com ) मा पठाउनु पर्नेछ।

(ञ) उम्मेदवारी फिर्ताको समय २०२३ जुन ६ तारिख २३:५९ बजे सम्मलाई कायम गरिएको छ।

(ट) कुनै पनि पदमा निर्वाचन समितिले तोकेको मिति र समयभित्र कसैले आफ्नो उम्मेदवारी फिर्ता लिएमा त्यो व्यक्तिको उम्मेदवारी शुल्क फिर्ता गरिनेछ। तर, निर्वाचन समितिले तोकेको समय भित्र उम्मेदवारी फिर्ता नलिएमा दाखिला गरिएको रकम फिर्ता हुने छैन। साथै, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वयन परिषद जापान क्षेत्रीय अधिबेशन सम्बन्धि नियमावली मापदण्ड बिरुद्ध परेका उम्मेद्वारहरुको शुल्क पनि फिर्ता हुने छैन।

(ठ) उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन निर्वाचन समितिले २०२३ जुन ८ तारिख भित्र गरिनेछ।

(ड) कुनै पनि पदमा तोकिए भन्दा बढी उम्मेदवारी नपरेमा सो पदमा मतदान नगरी निर्बिरोध निर्वाचित भएको घोषणा गरिनेछ र एक भन्दा बढी उम्मेदवारी परेको पदमा निर्वाचन गरिने छ।

**९. मतदान प्रक्रिया**

(क) यस निर्वाचनमा सम्पूर्ण मतदान अनलाइन प्रकृयाबाट गराइनेछ। यसका बारेमा र यससँग सम्बन्धित अरु विस्तृत जानकारी निर्वाचन समितिको होमपेज र फेसबूक पेजबाट गराइने छ।

(ख) मतदान पूर्णरुपले गोप्य रूपमा गरिने छ। गोप्य अनलाइन मतदानको व्यवस्था निर्वाचन समितिले गर्नेछ।

(ग) मतदानका लागि मतदाता नामावलीमा भएका सम्पूर्ण मतदाताहरुलाई ईमेल अगवा एस.एम.एस. मार्फत गोप्य मतदानको लागि सूचना पठाइनेछ। ईमेलको समस्या (जस्तैः ईमेल चेक नगरेको, सिस्टमले नै ईमेल फर्काइदिएको ईमेल फाल्तु ईमेल फोल्डरमा गएको आदि) अथवा एस. एम. एस. प्राप्तिमा समस्याका कारणले मतदान गर्न नसकिएमा अथवा नपाइएमा निर्वाचन समिति जवाफदेही हुनेछैन

(घ) मतदान स्मार्ट फोन ट्याब्लेट, कम्प्युटर आदि प्रयोग गरि गर्नुपर्नेछ।

**१०. मत गणना**

(क) मतदान समय समाप्त हुनासाथ कम्पयुटर सीस्टमले अटोमेटिक तरिकाले मतदान परिणाम प्रकाशित गर्नेछ।

(ख) निर्वाचन परिणामको घोषणा निर्वाचन कार्यतालिका अनुसार सन् २०२३ जुन १५ (बिहीबार) राति १० बजे निर्वाचन समितिको होमपेज र फेसबूक पेजमार्फत गरिनेछ।

**११. निष्पक्ष र निर्विवाद निर्वाचनप्रतिको प्रतिबद्धता**

(क) कुनैपनि पदका उमेदवारहरु निर्वाचन समितिका अधिकारीहरुसँग सिधै ईमेल, फोन, या फ्याक्स मार्फत सम्पर्कमा रहन सक्नेछैनन्। निर्वाचन समितिलाई आवश्यक परेको खण्डमा समितिका आयुक्त तथा सदस्यहरु सबैलाई जानकारी गराइ सम्बन्धित उमेदवारसँग कुरा गर्नुपर्नेछ। तर, उमेदवारका तर्फबाट निर्वाचन समितिलाई सम्पर्क गर्नुपरेमा निर्वाचन समितिको ईमेल (ठेगाना: submit@nrnakyushuelection.com) मार्फत सम्पर्क गर्नुपर्नेछ। फोन तथा फ्याक्सको प्रयोग गर्न पाइने छैन।

(ख) माथिको शर्त उमेदवारी दर्ता भए-नभएको बारेमा बुझ्नका लागि भने लागु हुनेछैन।

(ग) निर्वाचनलाई निष्पक्ष र निर्विवाद बनाउन निर्वाचन नियमावलीको उचित अध्ययन तथा कार्यतालिकामा उल्लेखित समयानुसार निर्वाचन कार्यक्रममा भाग लिने प्रतिबद्धता देखाइनु पर्नेछ।

(घ) निर्वाचन समितिका आयुक्त तथा सदस्यहरु यो अति जिम्मेवारीपूर्ण निर्वाचनलाई निष्पक्ष तरिकाले सम्पन्न गराउन कटिबद्ध रहेको कुरा सबैको जानकारीको लागि यहाँ राखिएको छ।

| | | |
|---|---|---|
| किरण बर्मा | सुपेन्द्र घिसीङ | मोहन सिंह मडै |
| संयोजक | सदस्य | सदस्य |